विं.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३०३ | २०८२ चैत्र १२ गते विहीबार, नेपाल सम्वत् ११४६ March 26, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-







## डुम्रे बजार व्यवस्थापनमा गाउँपालिका र व्यापारीको पहल: सरसफाइ अभियानसँगै ट्राफिक संकेत बोर्ड हस्तान्तरण

डुम्रे बजार क्षेत्रमा वृहत सरसफाइ तथा व्यवसायी सचेतना अभियान सञ्चालन गरिएको छ । तनहुँ उद्योग वाणिज्य संघ डुम्रे बजार इकाइको आयोजनामा तथा दीपक श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा, वडा नं. १ का अध्यक्ष शिवकुमार श्रेष्ठ, स्थानीय आमा समूह, युवा क्लब, व्यवसायीहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा ट्राफिक प्रहरी लगायत विभिन्न सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो ।
अभियान अन्तर्गत बजार क्षेत्रका सडक, गल्लि तथा सार्वजनिक स्थानहरूको सरसफाइ गरिनुका साथै सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि, ट्राफिक व्यवस्थापन, तथा व्यवसायीहरूलाई आफ्नो पसल व्यवस्थित राख्ने, मूल्य सूची राख्ने लगायतका विषयमा सचेतना प्रदान गरिएको थियो।
यस्तै, गाउँपालिकाका अध्यक्ष थापाले गाउँपालिकाको तर्फबाट अस्थायी ट्राफिक प्रहरी कार्यालय डुम्रेका प्रहरीलाई ट्राफिक संकेत चिन्ह (साइन बोर्ड) हस्तान्तरण गरेका थिए । उक्त सामग्रीले बजार क्षेत्रमा पार्किङ व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । उक्त अवसरमा व्यवसायीहरूलाई म्याद गुज्रिएका तथा अखाद्य वस्तुहरु बिक्री नगर्न विशेष रूपमा आग्रह गरिएको थियो ।

*तस्विर : भञ्ज्याङ*

# सुनसान सिंहदरबार

**मधु शाही**/काठमाडौं

देशमा नयाँ आर्थिक वर्षको बजेट निर्माणको चटारो लगभग सुरू भइसकेको छ। यतिखेर सिंहदरबारका सबै मन्त्रालयमा मन्त्रीहरु भइदिएको भए प्रदेश एवं स्थानीय तहका जनप्रतिनिधिहरु बजेट माग्न सिंहदरबारमा आइसकेका हुने थिए । जनप्रतिनिधि मात्र नभएर जिल्ला जिल्लाबाट विभिन्न राजनीतिक दलका नेताहरु अहिले सिंहदरबार आउने समय हो । नेपालको संविधानको प्रावधानअनुसार प्रत्येक जेठ १५ गते नेपाल सरकारले संघीय संसद समक्ष बजेट प्रस्तुत गर्नुपर्दछ ।

तर, सिंहदरबारमा अहिले पहिले पहिले जस्तो बजेट माग्न आउनेहरूको भीडभाडा देखिँदैन । बजेट निर्माणको क्यालेन्डर त सुरू भइसकेको छ, तर कर्मचारी तहमा नै यो काम भइरहेको छ। त्यसैले राजनीतिक नेतृत्व तहमा बजेटको चटारो सुरू भएको छैन।

अर्कोतर्फ अहिले सरूवा, बढुवा होस् या अन्य प्रशासनिक काम लिएर सिंहदरबारमा नागरिक पुगेका देखिँदैनन्। किनभने निर्वाचनको केही समयअघि देखि नै सिंहदरबारमा अधिकांश मन्त्रीहरु हुनुहुन्न। केही मन्त्रीहरु यही फागुन २१ गते सम्पन्न निर्वाचनमा उम्मेदवार बन्न जानुभएकाले अधिकांश मन्त्रालय खाली जस्तै छन्। एउटा मन्त्रीले धेरै मन्त्रालयको जिम्मेवारी लिनुपर्ने अवस्था भएकाले मन्त्रालयहरु सुनसान देखिएका छन्। प्रशासनिक काम लिएर आउने नागरिक कर्मचारी समक्ष पुग्ने गरेका देखिन्छन् तर त्यो संख्या थोरै छ।

शिक्षासम्बन्धी काम लिएर बागलुङबाट आउनुभएका बलराम आचार्य अझै केही दिन काठमाडौं बस्नुपर्ने अवस्था भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यहाँ आएको केही दिन भयो, तर मन्त्री नभइ काम नहुने भएकाले अब नयाँ मन्त्री नआउञ्जेल यतै बस्नुपर्ने भएको छ। नयाँ मन्त्रिमण्डल बनेपछि काम सकेर मात्र घर फर्कने निधो गरेको छु।"

आफ्ना निजी एवं प्रशासनिक काम लिएर आउने राजनीतिक दलका कार्यकर्ता एवं जनप्रतिनिधिको भीडभाड देखिने गरेको सिंहदरबार केही समय यतादेखि सुनसान जस्तै छ । जनतासँग प्रत्यक्ष जोडिएका र कतिपय विकासे कार्यक्रम सञ्चालन हुने मन्त्रालयमा पहिला जस्तो खचाखच नागरिक नआएका सिंहदबारमा कार्यरत कर्मचारी बताउँछन् ।

शिक्षा मन्त्रालयमा मन्त्रीको कार्यकक्षमा बस्नु भएका एक कर्मचारीका अनुसार मन्त्री नभएपछि नीतिगत रूपमा हुने काम रोकिएका छन् । अरू बेला बजेटको समय मन्त्रीको सचिवायलमा भेटघाट गर्नेको भीड थेगी नसक्नुहुन्थ्यो । अहिले खाली कुर्सी र दुई/चार कर्मचारी मात्रै भेटिन्छन्। शिक्षा मन्त्रीको मन्त्री निवासको कार्यकक्षमा पुग्दा पूर्वमन्त्री महाविर पुनको फोन नम्बर लेखिएको कागज भित्तामा टाँसिएको थियो ।

त्यहाँ कार्यरत कर्मचारीले भुन्नभयो, "उतिबेला मन्त्री आफैले सेवाग्राहीको गुनासो सुन्न फोन नम्बर टाँस्नु भएको थियो । अहिले मन्त्री नभएका कारण कोही आएका छैनन् ।" गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि क्षतिग्रस्त पश्चात टहरामा सञ्चालीत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मन्त्री डा सुधा गौतम नियमित कार्यमा नफर्किने भन्दै अनौपचारिक रूपमा बिदा भइसक्नुभएको छ । नागरिकले प्रत्यक्ष रूपमा स्वास्थ्यका विषय लिएर मन्त्रालय आउने थलो अहिले सुनसान छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बजेट बनाउने समयमा मन्त्री नहुँदा कार्य सम्पादनमा चुनौती देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ मन्त्री को आउला भन्दै पर्खिनेहरु हुनुहुन्छ। बजेटकै बेलामा मन्त्रीको आगमनले केही प्रभावकारिता हुने थियो ।" बजेटको बेला सिंहदरबारका मन्त्रालय मात्रै होइनन्, वरिपरिको माहोलको रौनक नै बजेटमय हुन्थ्यो । हातमा फाइल बोकेर सिंहदरबार धाउनेको चहलपहलले एक किसिमको रमाइलो अनुभूति हुने गरे पनि अहिले सुनसान जस्तै अवस्थामा रहेको सिंहदरबार देख्दा अनौठो लागेको गृह मन्त्रालयका कर्मचारी केदार घिमिरेले बताउनुभयो ।



"मन्त्रालयमा पालो कुरेकाहरु क्यान्टिनमा आएर चिया खाजा खाने, गफ गर्ने गर्दथे, यसले सबै मन्त्रालयका क्यान्टिन भरिभराउ हुन्थे", उहाँले विगत सम्झँदै भन्नुभयो, "प्रवेशद्वारादेखि नै भित्र पस्नेको लाइनै लाग्थ्यो, अहिले सुनसान छ ।" सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव उदयबहादुर रानामगरले बजेट तयारी सबै मन्त्रालयको महत्वपूर्ण समय भएको बताउनुभयो । अरू समय बजेट तयारी गर्दा खाजा खान पनि फुर्सद नहुने बिगत सम्झिदै उहाँले भन्नुभयो, "मन्त्री

*बाँकी तेश्रो पेजमा*

# तल्लो सेती जलविद्युत् : आवासका लागि जग्गा अधिग्रहण

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा निर्माण हुने १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरू भएको छ । १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुने थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । तल्लो सेतीको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको र अब विद्युतगृह, कार्यालय र कर्मचारी आवास क्षेत्रका लागि देवघाट गाउँपालिकामा पर्ने जग्गा अधिग्रहण प्रक्रिया सुरू गरिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।

मुआब्जा निर्धारण समिति अन्तर्गत गठित उपसमितिले जग्गा अधिग्रहणस्थलमा रहेका संरचनाको विस्तृत नापजाँच सर्वेक्षण र क्षति सूची तयार गरी प्रतिवेदन समिति समक्ष पेस गरेको प्रमुख भण्डारीले बताए। आयोजनाको पहुँच सुरूङ निर्माण कार्यसमेत सुरू भइसकेको छ। चितवनस्थित राजमार्गबाट आयोजनाको विद्युतगृह क्षेत्रतर्फ जान त्रिशुली नदीमाथि निर्माण गरिने पहुँच पुल लागत अनुमान तथा टेण्डर कागजात तयारी सकिएको उनले बताए ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ। पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै ६.८ किलोमिटर लामो सुरूङमार्फत सेती नदीको संगमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युतगृहमा खसाली विद्युत उत्पादन गर्ने योजना बनाइएको छ। आयोजनाबाट बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३ र १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६ तथा भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुने छन् ।

देवघाट गाउँपालिका-४ गाइघाटमा अर्धभूमिगत विद्युत गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ। उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली–नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ। अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ। आयोजनाबाट वार्षिक रूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने छ। आयोजनाको अनुमानित लागत रू २५ अर्ब रहेको छ ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब ३.५ मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजगात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# फोहोर व्यवस्थापन

शहरी क्षेत्रमा अहिले फोहोर व्यवस्थापनको पाटो निकै जटिल बन्दै गएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिकाले यस जटिलतालाई सहज बनाउन फोहोर व्यवस्थापनलाई दीर्घकालीन समाधान दिन आधुनिक प्रशोधन केन्द्र निर्माणको अन्तिम चरणमा पुर्याएको छ। लामो समयदेखि सेती नदी किनारमा फोहोर थुपारेर आलोचना खेप्दै आएको नगरपालिकाले अब फोहोरलाई व्यवस्थित प्रशोधनमार्फत आर्थिक स्रोतमा बदल्ने तयारी गरेको छ । वडा नं. ५ को कसेरीमा अत्याधुनिक उपकरणसहितको प्रशोधन केन्द्र असोजभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ । यसका लागि नगरपालिका, ग्रिन रोड र सूर्य नेपाल प्रालिबीच गत बैशाखमा भएको त्रिपक्षीय सम्झौताले परियोजनालाई ठोस आधार दिएको छ। सम्झौताअनुसार सूर्य नेपालले करिब २ करोड ४ लाख रूपैयाँको लगानीमा पूर्वाधार निर्माण तथा आवश्यक मेसिनरी उपलब्ध गराउँदैछ भने फोहोर व्यवस्थापनको जिम्मेवारी ग्रिन रोडले लिनेछ । यो केन्द्र सञ्चालनमा आएपछि नगरको पुरानो फोहोर समस्या अन्त्य हुने देखिन्छ। नगरपालिकाले टोल विकास संस्थासँग सहकार्य गर्दै घरमै फोहोर वर्गीकरण गरी संकलन गर्ने योजना अघि बढाएको छ । यसले न केवल नगर सरसफाइमा सुधार ल्याउनेछ, बरू प्रशोधित फोहोरबाट आम्दानी पनि गर्न सकिनेछ। हाल निर्माणाधीन केन्द्रमा भेर्मी कम्पोस्ट पिट, अर्गानिक र डिस्पोजल वेस्ट ट्रष्ट, प्लेटिजिङ र प्रिसटिङ एरिया, प्रशोधन केन्द्र, विद्युतीय घर, शौचालय, क्यान्टिन, कार्यालय र सुरक्षाकर्मी घरलगायत ११ युनिट निर्माण भइरहेको छ । सडक, विद्युत् र खानेपानी जस्ता आधारभूत पूर्वाधारको काम पनि सँगसँगै अगाडि बढाएको नगरपालिकाले आउँदो असोज महिनादेखि प्रशोधन कार्य औपचारिकरूपमा सञ्चालन गर्ने तयारी गरिएको छ । यसअघि पनि नगरपालिकाले फोहोरमैला केन्द्रका लागि विभिन्न चरणमा लगानी गरेको थियो। आर्थिक वर्ष २०७४/०७५ मा करिब २४ लाख ७० हजार रूपैयाँमा ट्रष्ट निर्माण, २०७५/०७६ मा सडक स्तरोन्नति गर्न ५२ लाख रूपैयाँ, २०८०/८१ मा कम्पाउण्ड र ट्रष्ट निर्माणमा ५२ लाख रूपैयाँ र गत वर्ष सेती नदीको कटान रोक्न करिब ४५ लाख रूपैयाँ खर्च भएको तथ्यांक छ । तर अघिल्ला जनप्रतिनिधिहरूको कमजोर नेतृत्वका कारण करोडौंको लगानी निष्प्रभावी बनेको बताइन्छ ।

२०७९ मा निर्वाचित जनप्रतिनिधिहरु आएपछि पनि व्यवस्थापन सुधारमा सुस्त गतिको आरोप लाग्यो । सरसफाइ अध्ययन भ्रमणका नाममा हेटौंडा, बाग्मति, तिलोत्तमा र वालिङ नगरपालिकामा करिब ३ लाख ५० हजार रूपैयाँ खर्च भए पनि व्यवहारिक नतिजा देखिएन । तर हाल सुरू भएको केन्द्र निर्माणले नगरपालिकाले विगतका कमजोरीबाट सिक्दै दीर्घकालीन समाधानतर्फ कदम बढाएको सन्देश दिएको छ । फोहोर व्यवस्थापन कुनै पनि नगरको जीवनस्तर र सार्वजनिक स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो। फोहोरलाई सामान्य समस्या ठानेर बेवास्ता गर्दा वातावरण प्रदूषित हुन्छ, नदी र खोला प्रदूषणको स्रोत बन्छन् र स्वास्थ्य जोखिम बढ्छ । विगतमा शुक्लागण्डकीले यही गल्ती गऱ्यो। सेती नदी किनारमा फोहोर थुपारेर तत्काल समस्या टारेजस्तो देखाए पनि दीर्घकालीन रूपमा यो शैली नगर सरसफाइ र नदी दुवैका लागि घातक बन्यो। अहिलेको प्रयासले ती त्रुटिहरु सच्याउने अवसर दिएको छ । आधुनिक प्रशोधन केन्द्रले फोहोरलाई स्रोतमा रूपान्तरण गर्ने सम्भावना बोकेको छ। जैविक फोहोरलाई कम्पोस्ट बनाउन सकिन्छ, पुनः प्रयोग गर्न सकिने वस्तु बेच्न सकिन्छ र अपशिष्टलाई सुरक्षित ढंगले नष्ट गर्न सकिन्छ । यसबाट नगरपालिकाले आम्दानी गर्न सक्छ भने स्थानीय समुदायले पनि रोजगारी र व्यवसायिक अवसर पाउन सक्छन् । तर यति मात्र पर्याप्त हुँदैन। प्रशोधन केन्द्र निर्माण र उपकरण जडान महत्त्वपूर्ण भए पनि यसको दीर्घकालीन सञ्चालन र व्यवस्थापन अझै ठूलो चुनौती हो। घरमै फोहोर वर्गीकरणको योजना कार्यान्वयन गर्न जनस्तरमा चेतना र अनुशासन आवश्यक पर्छ। यदि नागरिकले वर्गीकृत फोहोर नदिए, टोल विकास संस्थाहरु सक्रिय भएनन् वा ग्रिन रोडले जिम्मेवारीपूर्वक काम गरेन भने केन्द्र सञ्चालनमा आए पनि समस्या ज्यूँका त्यूँ रहन सक्छ।

त्यसैले यो परियोजना सफल बनाउन नगरपालिकाले जनसहभागिता सुनिश्चित गर्नुपर्छ। सचेतनामूलक अभियान, टोलस्तरीय सहकार्य र निगरानी संयन्त्र बलियो बनाउनुपर्छ। ठेकेदार र साझेदार संस्थाले सम्झौताअनुसार काम गरिरहेका छन् कि छैनन् भन्नेबारे नियमित मूल्यांकन हुनुपर्छ । साथै, यस केन्द्रको सञ्चालनमा पारदर्शिता र जवाफदेहिताको व्यवस्था गर्नुपर्छ। विगतमा जस्तै योजनाको नाममा भ्रमण खर्च गर्ने प्रवृत्ति दोहोरिनु हुँदैन। फोहोर व्यवस्थापनलाई देखावटी होइन, व्यवहारिक र दिगो बनाउनुपर्ने आवश्यकता अझै उस्तै छ। अब नगर सरसफाइलाई दिगो बनाउन सबै पक्षको साझा प्रतिबद्धता जरूरी छ । यसलाई प्रभावकारी बनाउन अब 'घोषणाभन्दा परिणाम' मा जोड दिनुपर्छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# सन्दर्भ ४८ औं नेत्रज्योति दिवसः नेपालको आँखा उपचार सेवा र नेपाल नेत्रज्योति संघ

## 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी'

♦ डा शैलेशकुमार मिश्र

नेपालमा स्वास्थ्य सेवाको विकासको इतिहासमा 'आँखा उपचार सेवा' एउटा सफल उदाहरणका रूपमा स्थापित भएको छ। सीमित स्रोत, जटिल भौगोलिक अवस्था र स्वास्थ्य सेवाको सीमित पहुँचका बाबजुद नेपालले अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। यस उपलब्धिको केन्द्रमा रहेको संस्था हो- नेपाल नेत्रज्योति संघ ।

प्रतिष्ठित समाजसेवीहरु रविशमशेर राणा, प्राडा. रामप्रसाद पोखरेल, मणिहर्ष ज्योति, बद्रीविक्रम थापा, अनंगमान शेरचन, बनवारीलाल मित्तल, तोलाराम दुगड, राजकृष्ण श्रेष्ठ र कमलमणि दीक्षितको अथक पहलमा नेपाल नेत्रज्योति सङ्घको स्थापना सन् १९७८ मा भएको हो । यसमा पनि नेपालमा आँखा स्वास्थ्य सेवाको प्रवर्द्धन र विस्तारमा प्राडा. पोखरेलको योगदान अतुलनीय एवं ऐतिहासिक रहेको छ । उहाँलाई नेपालमा आधुनिक आँखा स्वास्थ्य सेवाको परिकल्पनाकारका रूपमा लिइन्छ । उहाँले आँखा उपचार सेवालाई व्यवस्थित, विस्तार र सर्वसुलभ बनाउने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

स्थापनापश्चात् संघले नेपाल सरकार, विभिन्न वैदेशिक दातृ निकायसँगका सहकार्यमा तत्कालीन समयमा १४ वटै अञ्चलमा आँखा अस्पताल स्थापना गर्ने उद्देश्यले समुदायसँग सहकार्य सुरूआत गरेको थियो। संघको आह्वानमा देशका विभिन्न स्थानमा समुदायले जग्गा दान गरेका थिए भने समाजसेवीले आर्थिक सहयोग समेत गरेका थिए। यसबाट नेपालमा सर्वसुलभ, गुणस्तरीय र सहजरूपमा आँखा उपचार सेवाको विस्तारमा महत्वपूर्ण आधार तयार गरेको छ ।

प्रत्येक वर्ष चैत १३ गते नेपाल नेत्रज्योति सङ्घको स्थापना दिवसका अवसरमा नेत्रज्योति दिवस मनाइन्छ । यस विशेष दिनका अवसरमा नेपालमा आँखा स्वास्थ्य सेवाको विकास, अन्धोपन न्यूनिकरण तथा सर्वसाधारणलाई सर्वसुलभ, गुणस्तरीय र सहज आँखा उपचार सेवा विस्तारमा संघले पुऱ्याएको योगदानलाई स्मरण गर्दै आँखा स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्दै सुरक्षित दृष्टिका लागि सबै सरोकारवालालाई सहकार्य र सक्रिय सहभागिताका लागि प्रेरित गर्न विभिन्न कार्यक्रमहरु आयोजना गरिन्छ । यस वर्ष ४८औँ नेत्रज्योति दिवस 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी' भन्ने मूल नाराका साथ मनाइँदैछ । यस नाराले आँखा स्वास्थ्य सेवा विस्तार र अन्धोपन न्यूनीकरणको अभियान केवल सरकार, कुनै एक निकाय वा संस्थाको जिम्मेवारी मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व भएको सन्देश दिएको छ।

**अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि**

नेपालले पछिल्ला चार दशकमा आँखा स्वास्थ्य सेवामा उल्लेखनीय प्रगति गरेको छ । राष्ट्रिय सर्वेक्षण (सन् १९८१) ले नेपालमा अन्धोपनको दर ०.८४ प्रतिशत रहेको देखाएको थियो । निरन्तर प्रयास, उपचार सेवाको विस्तार, जनचेतना अभिवृद्धि र आधुनिक शल्यक्रिया प्रविधिको प्रयोगका कारण अहिले यो दर घटेर ०.२८ प्रतिशतसम्म झरेको छ । यो उपलब्धि केवल स्वास्थ्य सेवाको विस्तार मात्र होइन, प्रभावकारी योजना, समुदायको सहभागिता र संस्थागत प्रतिबद्धताको परिणाम हो । नेपालले अपनाएको अन्धोपन न्यूनीकरणको 'मोडेल' विश्वका अन्य विकासोन्मुख मुलुकहरूका लागि समेत उदाहरणीय मानिएको छ ।

**देशभर फैलिएको आँखा सेवा सञ्जाल**

नेपाल नेत्रज्योति संघले देशभर आँखा स्वास्थ्य सेवा सञ्जाल निर्माण गरेको छ। हाल संघ अन्तर्गत २८ आँखा अस्पताल, २२६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखा सञ्चालनमा छन् । यी संस्थाहरु



मार्फत हिमाली क्षेत्रका दुर्गम गाउँदेखि तराईका समथर भूभागसम्मका नागरिकलाई सहज र गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराइँदै आएको छ। हजारौँ स्वास्थ्यकर्मी, प्राविधिक तथा स्वयंसेवकहरूको सक्रिय योगदानले आँखा स्वास्थ्य सेवा विस्तारलाई प्रभावकारी बनाएको छ।

संघको स्थापनादेखि सन् २०२४ को अन्त्यसम्म आइपुग्दा संघको सञ्जालमार्फत ४ करोड ६८ लाख ६८ हजारभन्दा बढी बिरामीलाई आँखा उपचार सेवा प्रदान गरिसकिएको छ भने ५३ लाखभन्दा बढी बिरामीको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको छ । यी तथ्याङ्कहरूले नेपालमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तारमा संघले खेलेको भूमिकालाई स्पष्ट रूपमा उजागर गरेको छ ।

**समुदायमै पुग्ने आँखा सेवा**

नेपालको भौगोलिक बनावट जटिल भएकाले स्वास्थ्य सेवा दुर्गम क्षेत्रमा पुऱ्याउनु चुनौतीपूर्ण हुन्छ । यही चुनौतीलाई ध्यानमा राख्दै नेपाल नेत्रज्योति संघले समुदायमा आधारित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । घुम्ती आँखा शिविर, विद्यालयस्तरीय जाँच कार्यक्रम, निःशुल्क मोतियाविन्दु शल्यक्रिया शिविर, आँखा स्वास्थ्य सम्बन्धी जनचेतना अभियान लगायतका गतिविधिहरूबाट दुर्गम क्षेत्रका लाखौँ नागरिकले सुलभ आँखा उपचार सेवा प्राप्त गरेका छन् । सङ्घले यसका अलावा दृष्टिदोष, बाल दृष्टिविहीनता, जलविन्दू, 'डाइबेटिक रेटिनोपेथी', न्यून दृष्टि तथा पुनर्स्थापना सेवाजस्ता विशेष कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ ।

**अन्तर्राष्ट्रिय स्तरमा नेपालको आँखा सेवा**

नेपालको आँखा उपचार सेवा अन्तर्राष्ट्रियस्तरमा पनि अनुकरणीय एवं प्रशंसित हुँदै गएको छ। गुणस्तरीय सेवा, दक्ष जनशक्ति तथा तुलनात्मक रूपमा कम लागतका कारण छिमेकी देशहरु भारत, बङ्गलादेश र भुटान लगायतका मुलुकका नागरिकहरु समेत नेपालमा आँखा उपचारका लागि आउने गरेका छन् ।

नेपाल नेत्रज्योति संघका अस्पतालहरूमा उपलब्ध प्रभावकारी सेवा र उच्च सफलता दरका कारण विदेशी बिरामीहरूको संख्या क्रमशः बढ्दै गएको छ। उपलब्ध तथ्याङ्क अनुसार सन् २०२४ मा मात्र नेपाल नेत्रज्योति संघको सञ्जालमार्फत ९ लाख ७ हजारभन्दा बढी विदेशी नागरिकहरूको आँखा परीक्षण गरिएको थियो भने करिब १ लाख ६२ हजारभन्दा बढी बिरामीको आँखाको शल्यक्रिया गरिएको थियो ।

यसले नेपाललाई आँखा उपचारको सम्भावित चिकित्सा पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने सम्भावना पनि बढाएको छ। नेपाल सरकारसँगको सहकार्यमा नेपाललाई आँखा उपचारको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने प्रयासहरु पनि अघि बढिरहेका छन्। नेपाल नेत्रज्योति संघले नेपाली दूतावासहरूको सहकार्यमा विदेशमा समेत आँखा शिविर सञ्चालन गर्दै प्रवासी नेपाली तथा स्थानीय समुदायलाई सेवा प्रदान गर्दै आएको छ। साथै, विशेषगरी वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई लक्षित गरी विदेशमा थप आँखा शिविर सञ्चालन गर्ने योजना समेत अघि बढाइएको छ, जसले उनीहरूको आँखा स्वास्थ्य पहुँचलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

**आधुनिक प्रविधि र हरित अस्पतालतर्फ**

पछिल्लो समय नेपाल नेत्रज्योति संघले

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पेसा-व्यवसायमा फाइदा हुनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। अध्ययनमा प्रगति हुनेछ।

**वृष**
साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला। बेसुरमा काम गर्दा दु:ख पाइनेछ। आँटेको काम रोकिन सक्छ।

**मिथुन**
आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। मिहिनेत गर्दा सजिलै कार्यसिद्धि हुनेछ।

**कर्कट**
मिहिनेतले दिगो फाइदा दिलाउनेछ। आयआर्जनका विविध स्रोत फेला पर्नेछन्। अधुरो काम बन्नेछ।

**सिंह**
रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ।

**कन्य**
जिम्मेवारीले खर्च बढाउन सक्छ। अरुको समस्या सुल्झाउने प्रयास गर्दा आफैंलाई समस्या पर्न सक्छ।

**तुला**
विशेष काम गर्न बिहानको समय अनुकूल छ। अतिथिका रूपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

**वृश्चिक**
रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त हुनेछ। तर, आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन्।

**धनु**
प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**मकर**
बसाइमा स्थानान्तरण वा टाढाको यात्रा हुने सम्भावना देखिन्छ। व्यावसायिक कामले खर्च बढाउनेछ।

**कुम्भ**
सरसापट र भैपरी आउने कामले रकम बाहिरिन सक्छ। लाभ उठाउन हतार गर्दा पछि घाटा लाग्न सक्छ।

**मीन**
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ।

# सन्दर्भ ४८औं नेत्रज्योति ....

आधुनिक प्रविधिको प्रयोगमा विशेष ध्यान दिँदै आएको छ । मोबाइल हेल्थ, टेलि-अफ्थाल्मोलोजी लगायतका प्रविधिको प्रयोगमार्फत दुर्गम क्षेत्रमा समेत विशेषज्ञ सेवा विस्तार गर्ने प्रयास भइरहेको छ। यसका साथै संघले आफ्ना अस्पताल तथा उपचार केन्द्रहरूलाई हरित अस्पतालका रूपमा विकास गर्ने लक्ष्य पनि अघि सारेको छ ।

**आगामी चुनौतीहरु**

नेपालले अन्धोपन न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल गरे पनि आगामी दिनमा चुनौतीहरु अझै बाँकी छन् ।

- बढ्दो जनसंख्या
- औसत आयुमा वृद्धि
- मधुमेहजन्य आँखाका रोगहरूको वृद्धि
- बाल दृष्टिविहीनता
- ग्रामीण क्षेत्रमा सेवा पहुँच विस्तार
- यी चुनौतीहरूको सामना गर्न जनचेतना अभिवृद्धि, आधुनिक प्रविधिको प्रयोग, दक्ष जनशक्ति उत्पादन तथा सार्वजनिक-निजी साझेदारीलाई अझ सुदृढ बनाउनु आवश्यक छ ।

**साझा जिम्मेवारीको अभियान**

४८औँ नेत्रज्योति दिवस नेपालको आँखा स्वास्थ्य क्षेत्रमा हासिल भएका उपलब्धिहरूको स्मरण गर्ने मात्र होइन, आगामी दिनका लागि नयाँ प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि हो । नेपाल सरकार, विकास साझेदार, स्वास्थ्यकर्मी, स्वयंसेवक, आम सञ्चारमाध्यम तथा सम्पूर्ण समुदायको सहकार्यबाट मात्रै अन्धोपन न्यूनीकरणको अभियानलाई अझ प्रभावकारी बनाउन सकिन्छ।

नेपाल नेत्रज्योति संघले विगत चार दशकभन्दा बढी समयदेखि सञ्चालन गर्दै आएको दृष्टि जोगाउने अभियानलाई अझ सशक्त बनाउन आज सबै पक्षको सक्रिय सहभागिता आवश्यक छ ।

यस अवसरमा नेपाल नेत्रज्योति सङ्घले विगत चार दशकभन्दा बढी समयदेखि सञ्चालन गर्दै आएको आँखा स्वास्थ्य सेवाको अभियानलाई अझ प्रभावकारी र सर्वसुलभ बनाउँदै देशका दुर्गम तथा पिछडिएका समुदायसम्म गुणस्तरीय आँखा उपचार सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। “हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी” भन्ने नारालाई आत्मसात् गर्दै विभिन्न सरकारी निकाय, विकास साझेदार, स्वास्थ्यकर्मी तथा समुदायको सहकार्यबाट नेपालमा अन्धोपन न्यूनिकरण तथा दृष्टि संरक्षणको अभियानलाई अझ सशक्त बनाउने विश्वास लिइएको छ। ४८औँ नेत्रज्योति दिवसको अवसरमा सबै सरोकारवालाहरुलाई आँखा स्वास्थ्य प्रवर्द्धन र सुरक्षित दृष्टिका लागि सक्रिय सहभागिताको हार्दिक आह्वान गर्दछौं । रासस (लेखक डा मिश्र नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक हुनुहुन्छ)

# सुनसान .....

नभएपछि सार्वजनिक सम्पर्कहरु निकै नै कम हुने रहेछ । यतिबेला बजेट तयारी गर्ने महत्वपूर्ण बेला भएकाले यो अवस्था खट्किएको पाइएको हो ।” गत फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भइसकेको छ । बिहीबार नवनिर्वाचित सांसदहरु सबैले सपथ लिने कार्यक्रम तय भएको छ । शुक्रबार नयाँ प्रधानमन्त्रीले सथप लिएपछि मन्त्रिमण्डल बन्ने छ। अनी त्यसपछि मात्र सिंहदरबारमा चहल पहल सुरू हुने छ । रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# एशियाली अर्थतन्त्रको तीव्र विस्तार, विश्वमा प्रभाव बढ्दो : प्रतिवेदन


**रासस**/सिन्ह्वा/चीन

एशिया अझै पनि विश्व आर्थिक वृद्धिको प्रमुख चालकका रूपमा कायम रहेको एक नयाँ प्रतिवेदनले देखाएको छ। मंगलबार सार्वजनिक गरिएको प्रतिवेदन अनुसार विश्व कुल गार्हस्थ उत्पादनमा एशियाको हिस्सा निरन्तर बढिरहेको छ । 'एशियाली आर्थिक दृष्टिकोण तथा एकीकरण प्रगति वार्षिक प्रतिवेदन २०२६' अनुसार सन् २०२६ मा एशियाली अर्थतन्त्र ४.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । विश्व अर्थतन्त्रमा एशियाको हिस्सा २०२५ को ४९.२ प्रतिशतबाट बढेर ४९.७ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ ।

संस्थाका महासचिव झाङ जुनले 'एशियाली शताब्दी' सुरू भइसकेको धारणा बलियो बन्दै गएको बताएका छन् । उहाँले चुनौतीहरु भए पनि एशियाली अर्थतन्त्र लचिलो र सकारात्मक दिशामा रहेको उल्लेख गर्नुभयो । सन् २००१ मा स्थापना भएको उक्त संस्था एक गैर-सरकारी, गैर-नाफामुखी अन्तर्राष्ट्रिय संस्था हो, जसले क्षेत्रीय आर्थिक एकीकरणलाई प्रोत्साहन गर्छ । यस वर्षको सम्मेलन मार्च २४ देखि २७ सम्म हैनानमा 'साझा भविष्य निर्माण: नयाँ गतिशीलता, नयाँ अवसर, नयाँ सहकार्य' नारासहित आयोजना भइरहेको छ ।

प्रतिवेदन अनुसार एशिया विदेशी लगानीका लागि अझै पनि प्रमुख गन्तव्य बनेको छ, जहाँ चीन र दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको समूह सबैभन्दा आकर्षक केन्द्रका रूपमा देखिएका छन् । प्रविधि क्षेत्रमा पनि एशिया तीव्र रूपमा अगाडि बढिरहेको छ। कृत्रिम बुद्धिमत्ता विकासको केन्द्र क्रमशः युरोप र अमेरिकाबाट एशियातर्फ सर्दै गएको उल्लेख गरिएको छ। ठूलो डिजिटल जनसंख्या, विविध प्रयोग प्रणाली र स्पष्ट नीतिका कारण एशियाली देशहरु यस क्षेत्रमा अग्रणी बन्दै गएका छन् ।

साथै, दिगो विकासतर्फ एशिया महत्त्वपूर्ण शक्तिका रूपमा उदाउँदै गएको छ । परम्परागत ऊर्जाको ठूलो उपभोक्ता रहँदै आएको एशिया अहिले स्वच्छ तथा हरित ऊर्जाको विकासमा अग्रणी बन्दै गएको प्रतिवेदनले जनाएको छ । क्षेत्रीय व्यापारमा पनि सुधार देखिएको छ । एशियाभित्रकै व्यापार निर्भरता २०२३ मा ५६.३ प्रतिशतबाट बढेर २०२४ मा ५७.२ प्रतिशत पुगेको छ, जसले क्षेत्रीय आर्थिक एकीकरण बलियो बन्दै गएको संकेत गर्छ । विशेषज्ञहरूका अनुसार एशिया विश्व सेवा व्यापारको मुख्य चालक बन्ने दिशामा अघि बढिरहेको छ । डिजिटल पूर्वाधारमा लगानी, ठूलो बजारको माग र क्षेत्रीय सहकार्यले यो परिवर्तनलाई गति दिएको हो ।

नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२
आफ्नो मिर्गौलाको सुरक्षा गर्न:

• स्वस्थ खाना खाऔं
• सक्रिय जीवनशैली अपनाऔं
• स्वस्थ शारीरिक तौल कायम गरौं
• चिकित्सकको सल्लाह पालन गरौं
• धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन नगरौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।
समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।
गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली तनहुँ




मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
चैत्र १४ गते शनिबार

डा. जयन्ती ज्वारचन
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)
सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।
स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरुः
१. छाला सम्बन्धी रोगहरूः
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी
२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी
३. कुष्ठ (Leprosy) रोगः
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन
४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. दिनेश शर्मा तिमिल्सेनाद्वारा स्वास्थ्य परीक्षण गरिन्छ। गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरुले उपचार सेवा लिनुहोला ।
हाम्रा उपलब्ध सेवाहरु :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

डिभिजन वन कार्यालय तनहुँको अनुरोध
♦ वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
♦ वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।
तसर्थ,
♦ कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
♦ वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
♦ वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।
डिभिजन वन कार्यालय
दमौली, तनहुँ । फोन : ०६५-५६३१३५

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# नयाँ शैक्षिकसत्रका लागि जनक शिक्षाबाट ९७ प्रतिशत पाठ्यपुस्तक छपाइ पूरा

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नयाँ शैक्षिकसत्रका लागि समयमै पाठ्यपुस्तकको उत्पादन गरी विद्यार्थीको हातहातमा पुऱ्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बद्ध निकायहरूले तीव्रताका साथ काम गरिरहेका छन्। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले आजसम्म विद्यालय तहका लागि तोकिएको लक्ष्यको ९७ प्रतिशत पाठ्यपुस्तक छपाइ गरी बिक्रीवितरणको तयारी सुरू गरेको छ ।



गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपत्र छपाइको कामसँगै पाठ्यपुस्तक उत्पादनको नियमित जिम्मेवारीलाई जनक शिक्षा सामग्री केन्द्रले बहन गरेकाले विद्यार्थीले पाठ्यपुस्तकको अभाव खेप्नु नपर्ने सम्बद्ध अधिकारीले बताएका छन् । निजी क्षेत्रका मुद्रकले पनि तोकिएको जिम्मेवारीअनुसार सबै पाठ्यपुस्तक छपाइ भएको जनाएका छन् ।

जनक शिक्षा केन्द्रको सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका शिक्षा मन्त्रालयका सचिव चूडामणि पौडेलले मतपत्र छपाइका बाबजुद पाठ्यपुस्तक छपाइ कार्य हुँदै आएकाले शैक्षिकसत्र सञ्चालन हुनुअघि विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध हुने प्रबन्ध गरिएको बताउनुभयो ।

मतपत्र छपाइको कामसँगै पाठ्यपुस्तक उत्पादनको कामलाई समानान्तररूपमा गरेको केन्द्रले शैक्षिकसत्र २०८३ का लागि एक हजार २६० अधिकृत विक्रेता चयन गरेको छ भने यही चैत १५/१६ गतेदेखि बिक्रीको तयारी गरेको केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार केन्द्रलाई तोकिएका कक्षाहरूका लागि करिब ४५ लाख विद्यार्थीका लागि अनुवाद पुस्तक र ऐच्छिक विषयसमेत गरी कुल एक करोड ७० लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य रहेकामा अधिकांश पुस्तक छपाइ भइसकेको छ । केही पुस्तकहरूको सेट मिलाउन बाँकी रहेकाले उक्त कार्य पूरा भएपछि धमाधम बिक्री सुरू हुने उहाँको भनाइ छ ।

केन्द्रले तोकिएको कक्षाहरूका लागि ३८ अनिवार्यसहित १६० विषयका पाठ्यपुस्तक उत्पादन गरिसकेको छ । केन्द्रले यही चैत १९ देखि हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा सहभागी हुने पाँच लाख २० हजार विद्यार्थीका लागि आवश्यक प्रश्नपत्र पनि उत्पादन गरी सम्बन्धित परीक्षा केन्द्रमा पठाइसकेको छ ।

सरकारले हाल कक्षा १, २ र ४ बाहेक कक्षा १२ सम्मका लागि आवश्यकपर्ने पाठ्यपुस्तक छपाइको जिम्मा जनक शिक्षा केन्द्रलाई दिएको छ । कक्षा १, २ र ४ को निजी क्षेत्रका मुद्रणलाई जिम्मा दिइएको छ । केन्द्रले कक्षा ११ र १२ का लागि चाहिने पाठ्यपुस्तक आगामी असार महिनासम्म मुद्रण गर्छ । यसअनुसार ७० प्रतिशत उत्पादनको हिस्सा जनक शिक्षा र ३० प्रतिशत भार निजी क्षेत्रको मुद्रणमा पर्छ। निजी प्रेसले अधिकार पाएकोभन्दा अतिरिक्त तहका लागि पाठ्यपुस्तक छापेर बिक्री गर्दा केन्द्रलाई घाटा लाग्ने गरेको छ ।

गत शैक्षिक सत्रमा आफूले छापेका कक्षा ३ र ५ का पाठ्यपुस्तक ३० प्रतिशत मात्रै बिक्री भई अन्य पुस्तक सञ्चित रहेको प्रबन्ध सञ्चालक पौडेलले बताउनुभयो । पाठ्यपुस्तक छाप्न निजी क्षेत्रको मुद्रणको जिम्मेवारी प्राप्त सात प्रेसका संयोजक दीपक भण्डारीले आफूहरूलाई सीमित कक्षाका लागि मात्रै जिम्मेवारी दिइएको र तोकिएको संख्यामा छपाइ भइसकेको बताउनुभयो । उहाँले जनक शिक्षालाई सुरक्षित मुद्रणका रूपमा रूपान्तरण गरी आफूहरूलाई सरकारले सबै कक्षाका लागि पाठ्यपुस्तक छाप्ने जिम्मेवारी दिए पनि बहन गर्नसक्ने गरी प्रेस खरिद गरेकाले यसबारे नीतिगत निर्णय हुनुपर्ने धारणा राख्नुभयो ।

पाठ्यपुस्तक बिक्रीबापत जनक शिक्षाले नौ प्रतिशत र निजी क्षेत्रले ३० प्रतिशतसम्म बिक्रेतालाई कमिसन दिन्छन्। निजी क्षेत्र सञ्चालक भण्डारीले नौ प्रतिशत मात्रै कमिसनमा बेच्दा जनक शिक्षा झन् नाफामा जानुपर्ने तर्क गर्दै निजी प्रेसको लगानी धरासायी हुन नदिन राज्यले सबै कक्षाका पाठ्यपुस्तक छपाइको जिम्मेवारी खुला गर्नुपर्ने माग गर्नुभयो ।

जनक शिक्षाका प्रबन्ध सञ्चालक पौडेलले विगतमा मेसिनको अभावले पाठ्यपुस्तक अभावका कारण आवश्यकमात्रामा निजी क्षेत्रको सहयोग लिइएकामा अहिले मेसिनलगायत पूर्वाधार क्षमता भएको तथा केन्द्रको प्रबन्धपत्र बमोजिम एकलौटी रूपमा केन्द्रले नै सबै कक्षाका लागि पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाउनुपर्ने तर्क गर्नुभयो ।

जनक शिक्षा र निजी प्रेसले पाठ्यक्रम विकास केन्द्रबाट विकसित मुद्रणीय प्रतिलाई उत्पादन गर्दै आएको छन् । पाठ्यक्रम विकास केन्द्रले शैक्षिकसत्र २०८३ का लागि विसं २०७७ देखि लागू गरिएको पाठ्यपुस्तकको मूल्यसूची कायम गरेको छ । निजी क्षेत्र पनि पुरानै मूल्यमा बिक्री गर्न राजी भएको छ ।

नीतिगत निर्णय भई जिम्मेवारी दिइएको विषयमा जनक शिक्षा र निजी प्रेसबीच अधिकारको अतिक्रमण हुनुले बजारमा असन्तुलन हुने पनि गर्छ । यसले कुनै कक्षाका पाठ्यपुस्तक अभाव र कुनै कक्षाका पाठ्यपुस्तक चाहिनेभन्दा बढी उत्पादन हुन सक्ने हुन्छ । मूल्यसूची र गुणस्तरमा पनि एकरूपता हुँदैन । शिक्षा मन्त्रालयले यस्ता विषयको अनुगमनको जिम्मेवारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई दिएको छ । सो केन्द्रका प्रवक्ता महेन्द्र पराजुलीले हालसम्म के–कति पाठ्यपुस्तक तयारी भयो र कहिलेसम्म लक्ष्य पूरा हुन्छ भनेर जनक शिक्षा केन्द्र र निजी प्रेसबाट जिम्मेवारीप्राप्त सात मुद्रणलाई पत्राचार गरिएको जानकारी दिनुभयो।

जनक शिक्षा केन्द्रले गत माघमा निर्वाचन आयोगको कार्यादेशबमोजिम सम्पन्न निर्वाचनका लागि प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार र समानुपातिकतर्फ दुई करोड आठ लाख ४३ हजार गरी चार करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरेको थियो । रासस

# अवैध नदीजन्य पदार्थसहित सवारीसाधन नियन्त्रणमा

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँमा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी भइरहेको अवस्थामा प्रहरीले तीन वटा सवारीसाधन नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरी टोलीले बन्दीपुर गाउँपालिका–६ बगरखोला क्षेत्रमा अवैध रूपमा गिट्टी 'लोड' गरिरहेको अवस्थामा आज सवारीसाधन नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका सवारीसाधनमा लु१क ३२४१ नम्बरको जेसिबी, ग१क ५४४२ नम्बरको टिपर र ग१ख ७४३६ नम्बरको टिपर रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

उक्त सवारीसाधनलाई आवश्यक कारबाहीका लागि बन्दीपुर गाउँपालिकाको कार्यालय पठाइएको उनले बताए । प्रहरीले अवैध उत्खनन तथा ढुवानी नियन्त्रण गर्न अनुगमनलाई थप कडाइ गरिनेसमेत जनाएको छ ।


## पिनासका लक्षणहरु:

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

रास्वपा नेतृत्वलाई मेरो सिधा कुरा– इतिहासमा त्यस्तो कुनै उदाहरण छैन, जहाँ कुनै देश केवल युवाले रूपान्तरण गरेको होस्। ठीक त्यसैगरी, संसारमा कुनै देश यस्तो छैन, जो केवल पुरानो पुस्ताको अनुभवले मात्र बनेको, बचेको होस् । वास्तविक परिवर्तन कहिल्यै पुस्तागत हुँदैन । त्यो संस्थागत हुन्छ, सांस्कृतिक हुन्छ। युवाले ऊर्जा र चुनौती दिने साहस ल्याउँछन्, नयाँ प्रविधि ल्याउछन। ज्येष्ठहरूले स्मृति, धैर्यता र परिस्थितिजन्य सिमितताको बोध ल्याउँछन् । यीमध्ये कुनै एक हटाइयो भने प्रगति हुँदैन । असन्तुलन हुन्छ ।



**Tara Nath Dahal**
x.com/tndahal7

बृहत्तर जनचासो हुने संवेदनशील सार्वजनिक सूचनाहरू जब लुकाईन्छन, समग्रमा पारदर्शी गरिदैन अनि सुरू हुन्छ– अपुरो सूचना, अनौपचारिक सूचना, अपुस्ट सूचना, अनुमानकारिता र भ्रमहरूको व्यापकता । यस्तो अवस्थाले राज्यप्रति आम जनतामा असन्तुष्टी, घृणा र आक्रोस फैलन्छ भने कतिपय अवस्थामा असत्यले जित्छ ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

फेरि वाम एकताको राग चल्न लागेछ । यो पनि जनताले मत हालेर सरकार गठन हुन लाग्दा केही मान्छले मसीको प्रमाण खोज्न हिडे झै फोहर गरेपछि दैलो देखे जस्तै हो। आन्दोलनको पुनजागर भित्र सगंठनको पुनर्गठन र नवीन नेतृत्वको निर्माण खोज्नु वेस। मितको एकताले जनता र समर्थकमा विश्वास आर्जन हुन सक्दैन।

# आदिकवि भानुभक्त क्याम्पसमा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको आदिकवि भानुभक्त क्याम्पसमा सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यसहित तालिम केन्द्र स्थापना गर्ने तयारी अघि बढाइएको छ। यस सम्बन्धमा नबिल बैंक र क्याम्पसका प्रतिनिधिहरुबीच बिहीबार क्याम्पसको तालिम कक्षमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नबिल बैंक केन्द्रीय कार्यालय काठमाडौँका तर्फबाट नबिल स्कुल फर सोसल एन्टरप्रेनरसिपका संयोजक उज्ज्वल चापागाईं, सेन्ट्रल क्लस्टर पोखराका प्रमुख निरज राजभण्डारी तथा दमौली शाखाका प्रमुख नारायण भट्ट सहभागी थिए।

त्यसैगरी क्याम्पसका सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनार, क्याम्पस प्रमुख महाप्रसाद हडखले, सहायक क्याम्पस प्रमुख डा. रामकुमार अधिकारी, विश्वेश्वर तिमल्सेना तथा प्रशासकीय अधिकृत बसन्ती थापा आले मगर लगायतको उपस्थिति रहेको थियो। अन्तरक्रिया कार्यक्रममा संयोजक चापागाईंले नविल यसयसई कार्यक्रमबारे सहजीकरण गर्नुभएको थियो भने क्याम्पस प्रमुख हडखलेले क्याम्पसको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर तथा समुदायसँगको सहकार्यबारे प्रस्तुतीकरण गेका थिए ।

यस कार्यक्रमलाई क्याम्पसमा सञ्चालन गर्ने विषयमा व्यास नगरपालिका, तनहुँ उद्योग वाणिज्य संघ र क्याम्पस तथा नबिल बैंकका प्रतिनिधिहरूबीच शुक्रबार बिहान नगरपालिकाको कार्यालयमा थप छलफल गर्ने कार्यक्रम तय गरिएको छ।

नबिल बैंकको कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत सन् २०२१ देखि सञ्चालन हुँदै आएको कार्यक्रम अब आदिकवि भानुभक्त क्याम्पसमा पनि विस्तार हुने भएको छ। कार्यक्रमको उद्देश्य उदीयमान सामाजिक उद्यमीहरूलाई तालिम, मार्गदर्शन र वित्तीय पहुँच प्रदान गरी उनीहरुको अवधारणालाई दिगो व्यवसायमा रूपान्तरण गर्नु हो।

यो कार्यक्रम त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकाय तथा सातै प्रदेशका विभिन्न कलेजहरुसँगको सहकार्यमा सञ्चालन हुँदै आएको छ। क्याम्पसभित्र स्थापना हुने तालिम केन्द्रले 'दिगो बैंकिङ' अवधारणामा आधारित रही युवा उद्यमीहरूको क्षमता अभिवृद्धिमा जोड दिनेछ। सहभागीहरुले लगानीयोग्य व्यावसायिक योजना तयार गर्न सहयोग पाउने र नबिल उद्यमशील कर्जा जस्ता योजनामार्फत ऋणसमेत लिन सक्नेछन्।

कार्यक्रममार्फत प्रशिक्षार्थीहरु सम्बन्धित क्षेत्रका विज्ञहरूसँग जोडिने भएकाले उनीहरूलाई व्यावसायिक निर्णय लिन सहज हुने विश्वास गरिएको छ। नबिल बैंकका अनुसार यस कार्यक्रमबाट हालसम्म कृषि, स्वास्थ्य, सूचना प्रविधि र शिक्षा क्षेत्रमा उद्यम स्थापना भई १७ हजारभन्दा बढी रोजगारी सिर्जना भइसकेको छ भने महिला, दलित तथा सीमान्तकृत समुदायलाई सशक्त बनाउने काम समेत भएको दाबी गरिएको छ।

हाल यो कार्यक्रम कोशी प्रदेशको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, मधेश प्रदेशको वीरगञ्ज पब्लिक कलेज, बागमती प्रदेशका क्याम्पियन कलेज र बुढानीलकण्ठ स्कुल, गण्डकी प्रदेशमा पोखरा विश्वविद्यालय अन्तर्गतका संस्थाहरु, लुम्बिनी प्रदेशको क्षितिज इन्टरनेशनल कलेज तथा कर्णाली प्रदेशको सुर्खेत मोडेल कलेजमा सञ्चालन भइसकेको छ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४